# नेपालको राजनीतिक आन्दोलनमा मनमोहन अधिकारीका भूमिका

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

डीनको कार्यालय, कीर्तिपुरमा इतिहास विषयको

विद्यावारिधि उपाधिको नीम्ति

प्रस्तुत

शोध–प्रबन्ध

प्रा.डा.सुरेन्द्र के.सी.
शोधनिर्देशक

प्रा.डा.राजकुमार पोखरेल
शोधविशेषज्ञ

शोधार्थी

ढाकाराम सापकोटा

त्रि.वि. दर्ता नं. : ४९३६८–८८

विद्यावारिधि दर्ता नं. : २०६७/१४

वि.सं.२०७२

## सोधसार

### १. परिचय

नेपालको राजनीतिमा ऐतिहासिक आन्दोलनको अग्रपङ्तीमा राजनीतिकर्मीका रुपमा मनमोहन अधिकारीको नाम अङ्कित रहेको छ । मूलतः उनी राणाशासन तथा पञ्चायती व्यवस्थाका विरुद्धको आन्दोलनमा सङ्घर्षरत रहेका कारण नेताका रुपमा स्थापित भएका हुन् । उनी साम्यवादी दृष्टिकोणलाई आत्मसात गर्दै जीवनका छ दशक निरन्तर नेपालको राजनीतिक आन्दोलनमा सक्रिय भएका थिए । यसबाट उनको नेपाली राजनीतिमा विशिष्ठ योगदान रहेको बुझिन्छ । यस सन्दर्भमा सार्वजनिक तथा राजनीतिक जीवनका घटनाक्रमहरूमा भएका उताप चढाप, राज्यले उनीप्रति देखाएको सम्मान तथा राजनीतिक जीवनका सकारात्मक र नकारात्मक पक्षको विश्लेषणमा नै प्रस्तुत अनुसन्धान केन्द्रीत रहेको छ ।

नेपालमा राणाहरूले लामो समय निरङ्कुश जहानीया शासन चलाएका थिए । जनताको सङ्घर्ष पश्चात वि.सं.२००७ सालमा प्रजातन्त्र ल्याउन सफल भए तापनि एक दशकपछि पार्टीमाथि प्रतिबन्ध लगाएर राजाको एकतन्त्रीय शासन चल्यो । यी दुवै शासनका विरुद्ध र प्रजातान्त्रिक शासनको स्थापनाका निमित्त अलग अलग विचारधाराका नेपाली राजनीतिज्ञहरू आफ्नो राजनीतिक दृष्टिकोण बोकेर जीवनभर सङ्घर्षरत रहेका थिए । ती मध्ये मनमोहन अधिकारी पनि एक हुन् । काठमाडौंको लाजिमपाटमा वि.सं.१९७८ मा जन्मिएका उनको वाल्यजीवन राणाशासनको उत्तरार्धमा बित्यो । त्यसको नकारात्मक प्रभाव मनमोहन अधिकारीमा वाल्यकालदेखि नै पर्‍यो । फलतः विद्यार्थी अवस्थामा नै भारतमा भएको भारत छोडो आन्दोलनमा सहभागि हुँदै राजनीतिमा होमिए । भारतको जेलमा रहेका भारतीय कम्युनिस्ट पार्टीका नेताबाट पाएको प्रशिक्षणपछि कम्युनिस्ट पार्टीको सदस्यतासमेत लिएका थिए । त्यहीबाट उनको सक्रिय राजनीतिक जीवनको सुरुवात भएको भए पनि नेपालमा भने विराटनगर मजदुर आन्दोलनको नेतृत्वबाट भएको थियो ।

नेपाल कम्युनीस्ट पार्टीको स्थापनापछि भएको प्रथम महाधिवेशनबाट मनमोहन अधिकारी महासचिवमा निर्वाचित भएका थिए । वि.सं.२००८ सालमा पार्टीमाथि लागेको प्रतिवन्ध हटाउन उनी महासचिव भएको अवस्थामा २०१३ सालमा दिएको वक्तव्य निर्विवाद बन्न सकेन भने वि.सं.२०२५ सालमा जेलबाट छुट्न दिएको वक्तव्य जीवनभर आलोच्य बन्यो । नेपालको कम्युनीस्ट आन्दोलनमा बेलामौकामा देखिने उग्रपन्थी र दक्षिणपन्थी राजनीतिक गतिविधिलाई हेर्दा उनले जीवनभर प्रायः एकै प्रकारको नरम र मध्यमार्गी धारको प्रतिनिधित्व गरेको पाइन्छ । शसस्त्र विद्रोह गर्नेतिर उनमा मोह कहिल्यै जागेन । तर जनसहभागितामुलक आन्दोलनमा सधैभरी सक्रिय भए । वि.सं.२०३७ सालको जनमत सङ्ग्रहमा बहुदलको पक्षमा खुलेर लागे भने वि.सं.२०४२ सालको सत्याग्रह आन्दोलनमा वामपन्थीहरूको तर्फबाट गिरफ्तारी दिने पहिलो व्यक्ति थिए । यसै

बिशेषताका कारणले पञ्चायती व्यवस्थाको अन्त्यका लागि अन्य दलहरूसँग सहकार्य गर्नमा सम्भव भयो । वि.सं.२०४६ को संयुक्त जनआन्दोलन त्यसैको परिणाम थियो ।

वि.सं.२०५१ सालको मध्यावधी निर्वाचनको परिणामपछि मनमोहन अधिकारी नेपालमा पहिलो कम्युनिस्ट प्रधानमन्त्री भए । आफ्नो गाउँ आँफै बनाउँ, जेष्ठ नागरिक सम्मान र संरक्षणका लागि भत्ताको व्यवस्था (वृद्धभत्ता) जस्ता केही नयाँ कार्यक्रमको थालनीले सरकार जनप्रिय बन्दै गएपछि सङ्किण दलीय स्वार्थ एवम् संसदीय गणितका कारणले गर्दा नौ महिनामा नै उक्त सरकार ढल्यो । त्यसपछि राजनीतिक दलहरूका लागि सत्तामा पुग्ने र टिक्ने कुरा नै प्रमुख बन्दा संसदीय राजनीतिमा ज्यादै आलोच्य गतिविधि बढ्न थाले । फलत माओवादी विद्रोहका लागि मार्ग प्रसस्त भयो । जसले पछिल्लो एक दशक देशलाई हिङ्साको भुमरीमा डुवायो । माओवादी विद्रोहका विषयमा मध्यमार्गी र नरम दृष्टिकोण राख्ने मनमोहन अधिकारीलाई वि.सं.२०५४ सालमा पार्टी विभाजनले दुखित बनाएको थियो । पार्टीलाई विभाजनअघि कै अवस्थामा पुऱ्याएर बहुमत प्राप्त दल बनाउने अभियानमा लागेकै अवस्थामा वि.सं.२०५६ बैशाख १३ गते निधन भयो । मनमोहन अधिकारीको उक्त छ दशकको राजनीतिक परिदृष्यमा प्रस्तुत अध्ययन केन्द्रीत रहेको छ ।

## २. अनुसन्धान प्रश्न

क) मनमोहन अधिकारीको पारिवारिक पृष्ठभूमि, बाल्यकाल र राजनीतिमा लाग्न उत्प्रेरित गर्ने प्रेरणाका स्रोत के कस्ता थिए ?

ख) नेपालको राजनीतिमा मनमोहन अधिकारीको सक्रियता र भूमिका कस्तो रह्यो ?

ग) वि.सं.२०५१ सालमा मनमोहन अधिकारीले नेतृत्व गरेको सरकारको कार्यकाल कस्तो रह्यो ? र उनको जीवनको अन्त्य कसरी भयो ?

## ३. अनुसन्धानको उद्देश्य

क) मनमोहन अधिकारीको पारिवारिक जीवन एवम् राजनीतिमा लाग्ने प्रेरणाका स्रोतका सम्बन्धमा खोजी गर्ने ।

ख) नेपालको राजनीतिमा मनमोहन अधिकारीको भूमिका खोजी गर्ने ।

ग) मनमोहन अधिकारीले नेतृत्व गरेको सरकारको समीक्षा, सरकार विघटनपछिको राजनीति र उनको जीवनको अन्त्यका बारेमा प्रकाश पार्ने ।

## ४. अध्ययनको सीमा

यस शोधकार्यको क्षेत्र मनमोहन अधिकारी राजनीतिमा प्रवेश गरेको भारत छोडो आन्दोलन (वि.सं.१९९९) देखि उनको निधन हुँदाको समय (वि.सं.२०५६ साल बैशाख १३ गते) सम्मको नेपालको राजनीतिक आन्दोलनमा उनको सहभागितालाई समेटिएको छ । त्यस क्रममा देखिएका उनका सकारात्मक र नकारात्मक पक्षलाई केलाएर विश्लेषण गर्ने कुरालाई पनि विषय बनाइएको छ । मनमोहन अधिकारीले नेपालको राजनीतिमा लिएको स्थान र खेलेको भूमिका प्रस्तुत शोधकार्यको सीमाभित्र समेटिएको छ । मूलतः उनको छ दशक लामो राजनीतिक जीवनको वस्तुपरक प्रकाश नै यस अध्ययनको सीमा रहेको छ । यसका अलवा अन्य कुराहरू भने प्रसङ्गवसमात्र उठेका छन् ।

## ५. अनुसन्धान विधि

प्रस्तुत अनुसन्धान मूलतः सहायक स्रोतमा आधारित छ । तथापि प्राथमिक स्रोत पनि यस शोधकार्यमा आवश्यकताअनुसार उपयोग गरिएको छ । सहायक स्रोतका रुपमा पुस्तक, पत्रपत्रिका, जर्नल, दस्तावेजहरू प्रयोग गरिएको छ । त्यसै गरी प्राथमिक स्रोतका रुपमा अन्तर्वार्ताको प्रयोग गरिएको छ । यो अनुसन्धान इतिहास विषयसँग सम्बन्धित भएका कारण शोधपत्र लेखनका क्रममा व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । त्यसमा पनि विश्लेषणात्मकभन्दा वर्णनात्मक विधिको वाहुल्यता रहन गएको छ । मानविकी डीन कार्यालयबाट प्राप्त मेनुअलका आधारमा एपिए ढाँचामा शोधपत्र तयार पारिएको छ । मेनुअलमा पत्रपत्रिकाको प्रस्तुती कसरी गर्ने, अन्तर्वार्ता कसरी राख्ने भन्ने स्पष्टता नभएकाले त्यस्ता कुराहरू सिङ्गो शोधपत्रमा एकरुपता देखिने गरी राख्ने प्रयास गरिएको छ ।

## ६. उपलव्धीहरू

राणाशासन विरोधी प्रजातान्त्रिक आन्दोलनको उद्भव र विकास देशभित्र भएको र भारतमा भारतीय स्वतन्त्रताको आन्दोलन चलेको अवस्थामा त्यसको प्रभावबाट बुर्जुवा प्रजातन्त्रको प्रभाव पर्नुपर्नेमा कसरी साम्यवादप्रति मनमोहन अधिकारीको राजनीति आकर्षित भयो भनेर जानकारी गराउनु प्रस्तुत अध्ययनको एक उपलव्धी हो ।

विज्ञान तथा प्रविधि विषयको अध्ययनमा लागेका धेरै व्यक्तिहरू राजनीतितर्फ आकर्षित भएर सक्रिय राजनीतिक जीवन बिताउने दिशामा अग्रसर छन् । नेपालको सन्दर्भमा त्यो विषयको प्रेरणा स्रोत मनमोहन

अधिकारी पहिलो कम्युनीस्ट नेता भएकाले नेपालको साम्यवादी राजनीतिभित्र उनको राजनीतिक जीवनको ऐतिहासिकता पहिल्याउनु अध्ययनको अर्को उपलव्धी रहेको छ ।

मनमोहन अधिकारी सिद्धान्त, विचार वा दर्शन बुझ्रेर साम्यवादी राजनीतिमा लागेका नभई भारतीय कम्युनीस्ट नेताहरूको सत्संग, सम्पर्क, हिमचिम पछि दर्शन र विचार वुझ्राइतर्फ आकर्षित भएका थिए । राजनीतिमा यस्ता घटना पछिल्ला दिनका राजनीतिक कर्मीहरूमा पनि पाइएको छ र पाइन्छ भन्ने कुराको उत्खनन गर्नु यस अध्ययनको अर्को उपलव्धी रहेको छ ।

निरन्तर राजनीतिमा सक्रिय एवम् धैर्यताले प्राप्त हुने उच्चता मनमोहन अधिकारीको जीवनबाट पाठ सिक्न सकिन्छ । सँगसँगै उचित समयमा उचित निर्णयगर्दा गर्दा ध्यान पुऱ्याउन नसके आलोच्य हुन्छ भन्ने कुरा प्रमाणित रुपमा प्रकाश पार्नु यस अध्ययनको अर्को उपलव्धी हो ।

प्रजातन्त्रका लागि सँगै लडेका राजनीतिक दलहरू प्रतिस्पर्धाका आधारमा नभई निषेधको राजनीतिमा उत्रदा भित्रिएका विकृति र राज्यले व्यहोर्नु परेका कठिनाईबारे तथ्यपरक जानकारी दिनु अध्ययनको अर्को उपलव्धि हो ।

राजनीति सत्ताका लागि र सत्ता देश र जनताको हितका लागि  भन्ने शिक्षा मनमोहन अधिकारी नेतृत्वको सरकारले गरेका कामबाट सिक्नु पर्ने सन्देश दिनु अध्ययनको अर्को उपलव्धि हो ।

**७ निष्कर्ष**

मनमोहन अधिकारीको परिवार राजनीतिक रुपमा सचेत रहेकै कारणले राणाशासनको थिचोमिचोमा परेको थियो । सचेतताले नै तत्कालीन परिस्थितिमा राजनीतिमा सक्रिय हुने स्थिति बनेको थियो । यसको प्रभाव उनमा वाल्यकालदेखि कुनै न कुनै रुपमा परेको थियो । भारत छोडो आन्दोलनमा सक्रियता पूर्वक सहभागी वन्नुमा ताल्कालिन नेपालको राजनीतिक परिस्थिति थियो जसले जेलसम्म पुऱ्यो । जेलमा भारतीय कम्युनीस्ट पार्टीका नेताबाट पाएको राजनीतिक प्रशिक्षणपछि नै सोही पार्टीको सदस्य बनेर सक्रिय राजनीतिक जीवनको सुरुवात गरेका थिए । विज्ञान विषय लिएर पढ्दै गरेको विद्यार्थी अवस्थामा नै सङ्घर्षमय राजनीतिक जीवनमा प्रवेश गर्नु उनको कठोर निर्णय थियो । उनी नेपालको जेठा कम्युनिस्ट थिए । तर नेकपाको स्थापना हुँदा जेल परेका कारण संस्थापक सदस्य बन्ने अवसरबाट बञ्चित हुनु पऱ्यो । नेकपाको स्थापना हुँदा पुष्पलाल निर्विकल्प नेतृत्व लिने व्यक्तिका रुपमा रहे तापनि पार्टीको प्रथम सम्मेलनसम्म आइपुग्दा प्रतिस्पर्धाको स्थिति बनिसकेको थियो । त्यसैको परिणाम स्वरुप महाधिवेशनअघि नै मनमोहन अधिकारी महासचिव बनेका थिए ।

मनमोहन अधिकारीले वि.सं.२०२५ सालमा जेलबाट छुट्न दिएको वक्तव्यलाई साधनका रुपमा प्रयोग गरेका भए तापनि प्रतिस्पर्धाको राजनीतिमा उक्त वक्तव्य सिद्धान्तत स्खलित रुपमा व्याख्या हुन थाल्यो । जुन जीवनभर नपखालीने खत बनेर रह्यो । तर अर्को वास्तविकता के हो भने मनमोहन अधिकारीले कम्युनीस्ट पार्टीभित्र लिएको मध्यमार्गि धार नै प्रजातन्त्र स्थापनाका लागि अन्य दलहरूसँग सहकार्य गर्ने आधार भयो । यिनै परिस्थितीका सन्दर्भमा नेकपा मालेले मनमोहन अधिकारीको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रुपमा परिचित व्यक्तित्वलाई अगाडि सारेर बहुदलीय राजनीतिमा रुपान्तरण हुने उद्देश्यले पार्टी एकीकरण गरेको थियो । आधुनिक नेपालका तमाम प्रधानमन्त्रीहरूमध्ये मनमोहन अधिकारी सबैभन्दा लोकप्रिय र सम्मानित रहेका छन् । उनीपछिका जिम्मेवार नेताहरूले जनताप्रतिको उत्तरदायित्व महत्वका साथ निर्वाह नगर्दा उनको कद अझै बढ्दै गएको हो । कम्युनिस्ट पार्टीको सदस्यता लिने पहिलो नेपाली, नेकपाको पहिलो निर्वाचित महासचिव, नेकपाको पहिलो प्रधानमन्त्री, राजकीय सम्मान पाउने पहिलो कम्युनिस्ट नेतामा मनमोहन अधिकारी हुन् ।

### ७.१ सकारात्मक पक्ष

(क) ऐतिहासिक योद्धा : नेपालको इतिहासमा प्रजातन्त्रप्राप्तिका लागि वि.सं.२००७ साल, र वि.सं.२०४६ साल गरी मुख्यत दुईपटक आन्दोलन भएका हुन । यी दुबै आन्दोलनमा मनमोहन अधिकारी सक्रिय रुपले सहभागी भएका थिए । भारत छोडो आन्दोलनमा सहभागी भएदेखि उनी कम्युनिस्ट विचार र सिद्धान्तबाट प्रभावित भएर सक्रिय राजनीतिमा लागेका थिए । त्यस विचारबाट उनी कहिल्यै पनि विचलित भएनन् । छ दशकसम्म अविचलित रुपमा आन्दोलनमा लागेर पुऱ्याएको योगदानका कारणले ऐतिहासिक योद्धाको नामले समेत सम्वोधन गरिन्छ ।

(ख) शालिन व्यक्तित्व : मनमोहन अधिकारीमा जुनसुकै चिजलाई समग्रतामा हेर्ने, बुझ्ने र प्रस्तुत गर्ने स्वभाव थियो । कुनै प्रकारको आग्रह, छिचरोपना र उत्तेजना प्रदर्शन नगरी संयम र प्राज्ञीक ढङ्गले विषयवस्तुलाई प्रस्तुत गर्न रुचाउँथे । कुनै पनि सन्दर्भ-प्रसङ्गमा उत्तेजनामा नआई विषयको गाम्भीर्यतालाई बुझ्न सक्ने क्षमता आर्जन गरेका थिए । यसै विशेषताका कारण उनी शालिन एवम् भद्र व्यक्तित्वका धनि थिए ।

(ग) निष्ठाको राजनीति : मनमोहन अधिकारीको जीवन खुला किताबको पाना जस्तो थियो । उनले कुनै कुरा लुकाएर र बढाइचढाई आफ्नो व्यक्तित्व प्रदर्शन गर्ने सोचाई कहिल्यै राखेनन् । निस्वार्थ रुपमा निरन्तर क्रियाशील रहनु उनको इमान्दार समर्पण थियो ।

(घ) राष्ट्रिय हितका पक्षपाती : मनमोहन अधिकारीको व्यक्तित्व राष्ट्रिय हितका निम्ति जीवनपर्यन्त सङ्घर्षको उपलव्धी थियो । वि.सं.२००७ को शान्ति र मैत्री सन्धिको विरोध सडकमा मात्र होइन जिम्मेवारीमा रहँदा

भारतीय समकक्षी समक्ष सन्धि पुनरावलोकन गर्ने प्रस्ताव पहिलो पटक राखेका थिए । राष्ट्रियताको सवालमा कोही पनि पक्ष विपक्ष बन्नु हुँदैन भन्ने मान्यता थियो ।

(ङ) सादा जीवन र धैर्यशील स्वभाव : उनको जीवनशैली सरल र सादगीपूर्ण थियो । नेताहरूले जनताले प्रश्न उठाउने तहको जीवनयापन गर्नु हुन्न भन्ने स्पष्ट मान्यता थियो । साङ्गठनिक रुपले कमजोर रहेकाअवस्थामा पनि उनको सादा जीवन नै पञ्चायती शासक डराउने साधन बनेको थियो ।

(च) आर्थिक रुपमा पारदर्शी : मनमोहन अधिकारीले आफ्नो जीवनकालमा निकै आर्थिक कठिनाईहरूको सामना गर्नु पऱ्यो । पुर्खौली जायजेथा राणाशासकले खोसेपछि आफ्ना पिताले दुःखजेलो गरी कमाएको थोरै आयआर्जनले परिवार धान्नु परेको थियो । आर्थिक सुखसयल उनका लागि गौण विषय रहेको थियो । फलतः मुलुकको कार्यकारणी प्रमुख भएर काम गर्दा पनि आर्थिक अनियमतताको विषयमा कहिल्यै आलोच्य बन्नु परेन ।

(छ) इतिहासकै लोकप्रिय प्रधानमन्त्री : मनमोहन अधिकारीले 'मलाई एकजना असल व्यक्तिका रुपमा सम्झिदिए पुग्छ' भन्ने हिसावले काम गरेको हुँदा आधुनिक नेपालका तमाम प्रधानमन्त्रीहरूमध्ये सबैभन्दा लोकप्रिय र सम्मानित व्यक्तित्वका रुपमा परिचित छन् । उनी कुनै पनि मानिस कुराले होइन काम र व्यवहारबाट आदर्श बन्न सक्छन् भन्ने उदाहरण नै बनेका छन् ।

**७.२ नकारात्मक पक्ष**

(क) सैद्धान्तिक तथा वैचारिक पाटोमा कमजोर : मनमोहन अधिकारीले आफ्नो छ दशक लामो जीवनमा कुनै सैद्धान्तिक एवम् दार्शनिक छाप छाडेर जान सकेनन् । सैद्धान्तिक तथा वैचारिक दृष्टिकोणलाई दस्तावेजीय सङ्ग्रहका रुपमा सुरक्षित राखि दिएका भए सायद उनीमाथि लगाएका आरोपबाट आलोचित भइरहनु पर्ने थिएन । सैद्धान्तिक तथा दार्शनिक विचार प्रवाह गर्ने बैचारिक नेताको रुपमा स्थापित हुन नसक्नु उनको कमजोरी थियो ।

(ख) साङ्गठनिक जीवनमा कमजोर : मनमोहन अधिकारीको छ दशक लामो राजनीतिक जीवन निरन्तर र अथक देखिए तापनि उनको साङ्गठनिक जीवन कमजोर रहेको देखिन्छ । नेकपाको प्रथम महाधिवेशनबाट पहिलो निर्वाचित महासचिव चुनिएपछि उनले सङ्गठनमा पकड राख्ने र सङ्गठन विस्तार गर्ने काममा जतिमात्रामा भुमिका खेल्न पथ्यो त्यति खेलेको देखिँदैन । त्यसैको परिणाम हुनसक्छ सबै भन्दा ठुलो पार्टी नेकपा एमालेको अध्यक्ष भइकन पनि अधिकार सम्पन्न शक्तिशाली नेताको रुपमा रहन सकेनन् ।

(ग) निर्णय क्षमताको अभाव : उनी सकेसम्म विवादमा नपरी उम्कन खोज्ने हुँदा कतिपय सवालमा निर्णय क्षमतामा कमजोरी रहन गएको देखिन्छ । समय र कालखण्डमा ठोस विश्लेषण गरी निर्णय लिएर काम गर्न नसक्नु उनको राजनीतिक जीवनको कमजोर पक्ष थियो ।

अन्त्यमा,

विचार सिद्धान्तलाई संग्रहणीय गराउन लेखनीय कुरामा योगदान दिने र त्यसको प्रचार प्रसार गरी दार्शनिक नेताको रुपमा स्थापित हुने दिशामा उनको कमी रहेको भए तापनि व्यवहारिक आम राजनीतिक नेतृत्वको क्षेत्रमा योगदान उच्च रहेको छ । निष्ठा, सर्मपण र निरन्तरताको उनको राजनीतिबाट पछिल्लो पुस्ताले सिक्न र ग्रहण गर्न सके देशका लागि सकारात्मक योगदान हुने छ । विचार र दर्शन निर्माणको क्षेत्रमा उच्चता प्राप्त गर्न नसकेको कुराले एक अतुलनीय राजनेतामा स्थापित हुन सकेनन् तथापि मनमोहन अधिकारीले नेपालको राजनीतिक आन्दोलनमा पुऱ्याएको योगदानको कदर गर्दै नेपाल सरकारले राजकिय सम्मान दिएको थियो । त्यो उनको राजनीतिक जीवनको सफलताको परिणाम थियो । मूलतः उनलाई नेपालको इतिहासमा उच्च स्थान प्राप्त छ । जुन न्यायोचित छ ।